भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०० औं बैठक, मिति २०८१/०९/२१ गते बिहान ०८:०० बजे)

| सि.न. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | ९९ औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | मिति २०८१।०८।१३ मा भएको ९९ औं बैठकका निर्णयहरुको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाइयो । |
| २. | आ.व.२०८१/८२ को अर्धवार्षिक नीति, कार्यक्रम र बजेटको समिक्षात्मक प्रतिवेदन सम्बन्धमा । | नगर उपप्रमुखबाट प्रस्तुत भएको आ.व.२०८१/८२ को अर्धवार्षिक नीति, कार्यक्रम र बजेटको समिक्षात्मक प्रतिवेदन पारित गरी नगरसभाको आगामी १६ औं अधिवेशनमा अनुमोदनको लागि पेश गर्ने । |
| ३. | आ.व २०८१/८२ को पूरक बजेट, क्षेत्रगत कार्यक्रम र विनियोजित बजेट, रकमान्तर तथा कार्यक्रम संशोधन सम्बन्धमा । | नगर उपप्रमुखबाट प्रस्तुत भएको आ.व २०८१/८२ को पूरक बजेट, क्षेत्रगत कार्यक्रम र विनियोजित बजेट, रकमान्तर तथा कार्यक्रम संशोधन पारित गरी नगरसभाको आगामी १६ औं अधिवेशनमा अनुमोदनको लागि पेश गर्ने । |
| ४. | दुध उत्पादनमा अनुदान थप गर्ने सम्बन्धमा । | चालू आ.व. २०८१।०८२ को लागि प्रति लिटर दुध उत्पादनमा विगतको नघटाई थप अनुदान दिने कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारबाट समेत बजेट व्यवस्था भएकोले उक्त बजेटबाट प्रति लिटर रु. ४।- का दरले अनुदान उपलब्ध गराउने र अपुग भएमा सो रकम भरतपुर महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने । |
| ५. | जग्गाको स्वामित्व नभएका संघ-संस्थाका नाममा विनियोजित बजेट/योजना कार्यान्वयन सम्बन्धमा । | चालु आ.व. मा यस महानगरपालिका अन्तर्गत संघीय सशर्त अनुदान र प्रदेश सशर्त अनुदान स्रोतबाट कार्यान्वयन हुने गरी विभिन्न सरकारी तथा सार्वजनिक जग्गाहरुमा मठ-मन्दिर, सामुदायिक भवनहरु जस्ता सार्वजनिक संरचना निर्माण गर्न बजेट प्राप्त भएको र महानगरको आन्तरिक स्रोतबाट समेत बजेट तथा कार्यक्रम विनियोजन भएकोमा त्यस्ता योजनाहरु कार्यान्वयन गर्दा जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त नभएका, नगरिएका स्थानमा गत विगतबाट नै खरिद कारबाही सुरु भई निर्माण कार्य सुरु भई अधुरा रहेका एवं विगतदेखि त्यस्ता संस्थाले भोगचलन गरिरहेका स्थानमा |

| | | |
|---|---|---|
| | | रहेका योजनाहरुको कार्यान्वयन अघि बढाई योजना सम्पन्न गर्ने, निर्माण कार्य सुरु नभइसकेका र जग्गाको भोगचलन समेत नगरेका स्थानमा सार्वजनिक संरचना बनाउने योजनाहरु कार्यान्वयन नगर्ने । साथै आगामी दिनबाट जग्गाको स्वामित्व तथा भोगाधिकार कायम नरहेका जग्गामा सार्वजनिक संरचना निर्माण गर्ने कार्य नगर्ने, नगराउने, बजेट विनियोजन गर्दा नै त्यस्ता योजनामा बजेट विनियोजन नगर्ने । |
| ६. | अध्ययन पूर्व स्विकृति प्राप्त २ जना कर्मचारीहरुको बेतलबी अध्ययन विदा स्विकृत गर्ने सम्बन्धमा । | ९५ औं बैठकबाट अध्ययन पूर्व स्वीकृतिको निर्णय भएका भरतपुर महानगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य सेवा, हे.ई. समूह, अधिकृतस्तर छैटौं तहका जनस्वास्थ्य निरीक्षकहरु रमेश पोखरेल र समिक्षा सिलवाललाई स्नातक तह **(BPH/BPT)** अध्ययन गर्न ४ (चार) वर्षे बेतलवी बिदा दिने । |
| ७. | सुत्केरी पोषण झोला कार्यक्रम कार्यविधि, २०८१ स्विकृत गर्ने सम्बन्धमा । | सुत्केरी पोषण झोला कार्यक्रम कार्यविधि, २०८१ स्वीकृत गर्ने । |
| ८. | गैर सरकारी संघ-संस्था दर्ता, समन्वय र नियमन गर्न बनेको विधेयक २०८१ स्विकृत गर्ने सम्बन्धमा । | गैर सरकारी संघ-संस्था दर्ता, समन्वय र नियमन गर्न बनेको विधेयक २०८१ स्वीकृतिका लागि नगरसभाको आगामी अधिवेशनमा पेश गर्ने । |
| ९. | युवा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधी, २०८० (दोस्रो संशोधन, २०८१) स्विकृत गर्ने सम्बन्धमा । | युवा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधी, २०८० (दोस्रो संशोधन, २०८१) स्विकृत गर्ने । |
| १०. | रोजगारमूलक आयोजना छनौट सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०८१।०९।०२ गतेको स्थानीय निर्देशन समितिको सिफारिस अनुसार हुँदा **IDA** स्रोतबाट रु. २६ लाख ७२ हजार भएको मध्ये वडा नं. ५, ८, ९, ११, १२ मा र नेपाल सरकारको स्रोतबाट रु. १७ लाख ५ हजार मध्ये वडा नं. १८, १९, २२, २४, २९ मा तपसिल कार्य र बजेट अनुरूप आयोजना सञ्चालन गर्ने । |

तपसिल

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | सुचिकृत बेरोजगार संख्या | बजेट रु. मा | श्रोत |
|---|---|---|---|---|---|
| १ | ५ | वडा न. ५ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल सरसफाई र खानेपानी पाइप लाइन बिस्तार कार्यक्रम | २९ | ५,३४,४००।- | आई.डि.ए. |
| २ | ८ | वडा न. ८ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल, सडक तथा सिंचाइ नहर कुलो सरसफाई र खानेपानी पाइप लाइन बिस्तार कार्यक्रम | २१ | ५,३४,४००।- | आई.डि.ए. |
| ३ | ९ | वडा न. ९ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल, व्यायमशाला निर्माण, मर्मत एबम सरसफाई तथा सडक दाँया-बाँया वृक्षारोपण एबम गोडमेल कार्यक्रम | १५ | ५,३४,४००।- | आई.डि.ए. |
| ४ | ११ | वडा न. ११ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल तथा सडक, नाला सरसफाई कार्यक्रम | २५ | ५,३४,४००।- | आई.डि.ए. |
| ५ | १२ | वडा न. १२ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल तथा सडक, नाला सरसफाई सडक दाँया-बाँया वृक्षारोपण एबम गोडमेल कार्यक्रम | १९ | ५,३४,४००।- | आई.डि.ए. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ६ | १८ | वडा न. १८ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल, सिंचाई नहर कुलो मर्मत एबम सरसफाई, वृक्षारोपण तथा गोडमेल कार्यक्रम | २० | ३,३४,०००।- | नेपाल सरकार |
| | | ७ | १९ | वडा न. १९ अन्तर्गत सार्वजनिक स्थल सरसफाई, सिंचाई नहर कुलो निर्माण एबम सरसफाई | २१ | ३,३४,०००।- | नेपाल सरकार |
| | | ८ | २२ | वडा न. २२ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल, पार्क,सिंचाई नहर कुलो मर्मत एबम सरसफाई, वृक्षारोपण तथा गोडमेल कार्यक्रम | ३० | ३,३४,०००।- | नेपाल सरकार |
| | | ९ | २४ | वडा न. २४ अन्तर्गतका सरकारी कार्यलय, सार्वजनिक स्थल, पार्क, मठ मन्दिर, सडक सरसफाई एबम ब्यबसायिक कृषि, पर्यटन तथा हरियाली प्रबर्द्धन | ६२ | ३,६९,०००।- | नेपाल सरकार |
| | | १० | २९ | वडा न. २९ अन्तर्गत सार्वजनिक स्थल, सडक, नाला तथा गोरेटो बाटो निर्माण, मर्मत एबम सरसफाई | २७ | ३,३४,०००।- | नेपाल सरकार |
| | | | | जम्मा | २६९ | ४३,७७,०००।- | |
| ११. | बहुवर्षीय योजनाहरुमा स्रोत सुनिश्चितता सम्बन्धमा । | अनुसूची- १ अनुसारका योजना स्रोत सुनिश्चितता सहित बहुवर्षीय ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने । | | | | | |

<table>
<tr><td>१२.</td><td>दैनिक, डोर हाजिरीका ज्यालादारी कर्मचारीलाई मासिक ज्यालादारी सरह सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा ।</td><td>महानगरपालिका अन्तर्गत विभिन्न सेवा तथा पदमा मासिक ज्यालादारी, दैनिक ज्यालादारी, डोर हाजिरी गरी समान कार्यको लागि विभिन्न दररेट र तलब स्केलमा पारिश्रमिक भुक्तानी हुँदै आएकोमा समान कार्यको लागि समान पारिश्रमिक उपलब्ध गराउन हाल महानगरपालिका अन्तर्गत कार्यरत सबै प्रकारका ज्यालादारी कर्मचारीलाई मासिक ज्यालादारी सरह सेवा सुविधा प्रदान गर्ने ।</td></tr>
<tr><td>१३.</td><td>अस्पतालजन्य फोहोर मैला व्यवस्थापनको सेवा शुल्क निर्धारण सम्बन्धमा ।</td><td>भरतपुर महानगरपालिका अन्तर्गत फोहोरमैला संकलन तथा व्यवस्थापन आय ठेक्काको रुपमा सबै क्षेत्रलाई समेटिएर बन्दोवस्त गरिएकोमा तपसिल बमोजिमको सेवा, शुल्क दररेट आर्थिक ऐन, २०८१ मा छुट भएकोले नगरसभाको आगामी अधिवेशनबाट अनुमोदन गराउन पेश गर्ने-<br>तपसिल<br>
<table>
<tr><th>क्र . सं.</th><th>लाभग्राहीको प्रकार/ विवरण</th><th>साप्ताहिक सरसफाई</th><th>मासिक शुल्क रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>भरतपुर अस्पताल</td><td>७ दिन</td><td>५५,०००/००</td><td rowspan="6">फोहर मैला ब्यबस्थापन ऐन २०६८ को दफा ४(२) अनुसार अस्पतालजन्य फोहरको प्रशोधन र ब्यबस्थापन गर्ने दायित्व सम्बन्धित अस्पतालको हुनेछ।</td></tr>
<tr><td>२</td><td>सि.एम.सि., सि.एम.स.हस्पिटलहरु</td><td>७ दिन</td><td>५५,०००/००</td></tr>
<tr><td>३</td><td>भरतपुर आँखा अस्पताल</td><td>७ दिन</td><td>१५,०००/००</td></tr>
<tr><td>४</td><td>०-१५ शैया अस्पताल</td><td>७ दिन</td><td>७५,००/००</td></tr>
<tr><td>५</td><td>१६-५० शैया अस्पताल</td><td>७ दिन</td><td>१५,०००/००</td></tr>
<tr><td>६</td><td>५१-१०० शैया अस्पताल</td><td>७ दिन</td><td>१८,०००/००</td></tr>
</table></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ७ | १०१-२०० शैया अस्पताल | ७ दिन | २५,०००/०० | |
| ८ | पोलिक्लिनिक(शहरी क्षेत्र) | २ दिन | २५००/०० | |
| ९ | पोलिक्लिनिक(ग्रामीण क्षेत्र) | २ दिन | १५००/०० | |
| १० | डेन्टल (शहरी क्षेत्र) | २ दिन | २५००/०० | |
| ११ | डेन्टल (ग्रामिण क्षेत्र) | २ दिन | १५००/०० | |
| १२ | ल्याब शहरी क्षेत्र | २ दिन | २५००/०० | |
| १३ | नगर स्वास्थ्य केन्द्र | २ दिन | २५००/०० | |
| १४ | मेडिकल शहरी क्षेत्र | २ दिन | २५००/०० | |
| १५ | मेडिकल ग्रामिण क्षेत्र | २ दिन | १,५००/०० | |
| १६ | ल्याब ग्रमिण क्षेत्र | २ दिन | १५००/०० | |
| १७ | बोटलर्स नेपाल तराई लि | १ दिन | १५०००/०० | |
| १८ | ठुला उध्योग | २ दिन | ४,०००/०० | |
| १९ | मझौला उध्योग | २ दिन | ३,०००/०० | |
| २० | साना उध्योग | २ दिन | २,०००/०० | |
| २१ | ट्रयाक्टर प्रतिटिप फोहर ढुवानी | - | ३०००/०० | मागको आधारमा |
| २२ | पुर्व प्राथमिक,आधारभुत बिध्यालय (सरकारी) | २ दिन | ३००/०० | |
| २३ | पुर्व प्राथमिक,आधारभुत बिध्यालय (संस्थागत ) | २ दिन | ५००/०० | |
| २४ | माध्यमिक +२ सम्म ( | २ दिन | ३००/०० | |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td>सरकारी)</td><td></td><td></td><td></td></tr>
<tr><td>२५</td><td>माध्यमिक +२ सम्म ( संस्थागत)</td><td>२ दिन</td><td>५००/००</td><td></td></tr>
<tr><td>२६</td><td>कलेजहरु</td><td>१ दिन</td><td>५००/००</td><td></td></tr>
<tr><td>२८</td><td>सरकारी कार्यालय</td><td>१ दिन</td><td>५००/००</td><td></td></tr>
<tr><td>२९</td><td>तालिम केन्द्र, ,ब्यारेक</td><td>१ दिन</td><td>३०००/००</td><td></td></tr>
<tr><td>३०</td><td>आर्थिक ऐन २०८१मा उल्लेख नभएका पर्यटकिय होटल तथा रिसोर्टहरुको सर सफाइ सेवा शुल्क</td><td>१ दिन</td><td>७०००/००</td><td></td></tr>
<tr><td>३१</td><td>बिपदजन्य अबस्थाले उत्सर्जन भएको फोहर</td><td>-</td><td>निशुल्क</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१४.</td><td>ए. आर. मंगलम एग्रो फार्म प्रा.लि. ले खरिद गर्न चाहेको जग्गाको रजिष्ट्रेशन छुटका लागि सिफारिस गर्ने सम्बन्धमा ।</td><td>भरतपुर महानगरपालिका वडा नं. २७ अन्तर्गत सञ्चालित ए. आर. मंगलम एग्रो फर्म प्रा.लि. प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम स्थापना भएको र फर्मले खरिद गर्न लागेको न.प.(सु.प.) त्रिवेणी गाउँपालिका वडा नं. ६ बस्ने बिमला कुमारी गुरुङका नाउँमा रहेको साविक मेघौली ९/घ कित्ता नं. १९०, १९१, १८९ को क्षेत्रफल क्रमशः ०-५-५, ०-१६-१५ र ०-१०-० रहेका जग्गाहरु एकल स्वामित्वमा रहेको ए. आर. मंगलम एग्रो फार्म प्रा.लि.ले पशुपालन, मिश्रित खेती, पंछीपालन कार्यका लागि सो जग्गा खरिद गर्न लागेको जनाई उक्त जग्गा फर्मका नाममा रजिष्ट्रेशन पास गरी लिंदा लाग्ने रजिष्ट्रेशन शुल्कमा बागमती प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम ५० प्रतिशत छुट पाउनका लागि सिफारिस माग भएको सम्बन्धमा बागमती प्रदेश आर्थिक ऐन, २०८१ को विविधको सि.नं. ३ मा उल्लेख भए बमोजिम ए. आर. मंगलम एग्रो फार्म प्रा.लि. चितवनले खरिद गर्न चाहेको जग्गाको रजिष्ट्रेशन छुटका लागि सिफारिस उपलब्ध गराउने ।</td></tr>
</table>

| | | |
|---|---|---|
| १५ | बक्यौता रकम निकासा सम्बन्धमा । | भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आह्वान गरिएको दरभाउपत्र नं. 41-BMC/2080/081/G/SQ/72-RE Procurement of Tractor at BMC अनुसार खरिद भएको ट्र्याक्टर (Mahindra YUVO 575 DI TECH+) आ.व. २०८०।०८१ मा तोकिएको म्यादभित्र नै आपूर्ति कार्य सम्पन्न भएकोले आपूर्तिकर्ता AGNI Incorporated Private Limited लाई निकासा गर्नुपर्ने रु. १४,४०,०००।- (भ्याट सहित) नियमानुसार निकासा गर्ने । |
| १५. विविध | | |
| क. | आ.व. २०८०/८१ को छुट योजनाको म्याद थप गरी भुक्तानी दिने सम्बन्धमा । | आ.व. २०८१।८२ मा योजना किताबमा समावेश हुन छुट भएको आ.व. २०८०।८१ को स्वीकृत योजना "वसन्तचोक टोल सुधार भवन पूर्वाधार विकास" को म्याद थप गरी नियमानुसार भुक्तानी दिने । |
| ख. | आर्थिक सहयोग सम्बन्धमा । | १. भरतपुर महानगरपालिका वडा नं. ७ निवासी श्री पदम प्रसाद शर्मालाई क्यान्सर रोगको उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>२. वडा नं. ५ निवासी श्री लक्ष्मी देवी कंडेललाई बाथ, थाइराईड तथा उच्च रक्तचापको उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>३. वडा नं. १८ निवासी श्री रमेश तामाङलाई पेट सम्बन्धी रोगको उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>४. वडा नं. २० श्री निवासी श्री मित्र कुमारी गुरुङलाई क्यान्सर रोगको उपचारार्थ रु. १००,०००।- (एक लाख रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>५. वडा नं. २३ निवासी श्री शमशेर बहादुर परियारलाई मुटु रोगको उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>६. वडा नं. २२ निवासी वर्ष १४ का श्री संगम सुवेदी गैंडाको आक्रमणमा परी सख्त घाइते भएकोले उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>७. वडा नं. २५ निवासी श्री लोकनाथ रिजालको सवारी दुर्घटनामा परी घाइते भएकोले उपचारार्थ रु. १,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने । |

| | | |
|---|---|---|
| | | ८. रक्तिम साँस्कृतिक अभियानको देउसीभैलो कार्यक्रमलाई शुभदिपावलीको अवसरमा देउसीभैलो कार्यक्रम प्रवर्द्धनको लागि पर्यटन तथा उद्योग क्षेत्रको कार्यक्रम अन्तर्गत सि.नं. ३ मेला, महोत्सव, गोष्ठी आदी शीषर्कमा विनियोजित रु. ५,५०,०००।- मध्येबाट रु ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो । |
| ग. | मूल्याङ्कन पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पेश गर्ने सम्बन्धमा । | आ.व. २०८०।८१ को LISA तथा FRA को मूल्याङ्कन पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने । |
| घ. | कवाडीजन्य आय ठेक्का व्यवस्थापनको छुट शुल्क दररेट सम्बन्धमा । | कवाडीजन्य आय ठेक्का व्यवस्थापनमा छुट हुन गएका, जडिबुटी, हाड-सिङ्ग, खुर, वनकस लगायतका शीर्षक छुट हुन गएकामा छुट हुन गएका स्रोतहरुको देहाय बमोजिम अनुसूचीमा उल्लेख भएको शुल्क/दररेट अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने-<br>क. काँचो छाला- प्रति के.जी. रु. १।-<br>ख. जडिबुटी- प्रति के.जी. रु. ५।-<br>ग. हाड, सिङ, खुर- प्रति के.जी. रु. १।-<br>घ. वनकस- प्रति ट्रक रु. २००।-<br>ङ. भुस, पराल- प्रति ट्रक रु. २००।- |
| ङ. | वडाको कार्यालय भवन सम्बन्धमा । | १. भरतपुर महानगरपालिका १ नं. वडा कार्यालय भवन अर्को व्यवस्था नभएसम्मका लागि वडाभित्र समन्वय, सहकार्य गरी सहमति जुटाउने गरी युरेसिया सि.टी. ब्याङ्क्वेटमा सार्न सहमति दिने ।<br>२. भरतपुर महानगरपालिका ६ नं. वडा कार्यालयको भवन निर्माणका लागि त्यहाँको अरुणोदय मा.वि. बाट निर्णय भई सिफारिस प्राप्त भएको चार किल्लाभित्रको जग्गामा निर्माण प्रक्रिया अगाडि बढाउन अनुमति दिने । |
| च. | राजस्व प्रशासन व्यवस्थापन एवं नियन्त्रण सम्बन्धमा । | महानगरपालिकाभित्रको समग्र राजस्व प्रशासन व्यवस्थापन एवं राजस्व नियन्त्रणका लागि महानगरपालिकास्तर र वडास्तरमा राजश्व परामर्श समितिबाट सिफारिस भए बमोजिमको समितिहरु |

| | | |
|---|---|---|
| | | गठन गरी कार्य गर्ने गराउने । |
| छ | सामुदायिक वनको राजस्व आय सम्बन्धमा । | राजस्व परामर्श समितिबाट सिफारिस भई आए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वनबाट प्राप्त हुनुपर्ने राजश्व हालसम्म पनि प्राप्त हुन नआएको हुँदा अभिलेख खडा गरी राजस्व असुली प्रकिया अगाडि बढाउने । |
| झ | नगरसभाको सोह्रौं अधिवेशन सम्बन्धमा । | भरतपुर महानगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशन मिति २०८१।०९।२८ गते बिहान ११ बजे वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा सञ्चालन गर्ने । |

अनुसूचीहरु-

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०० औं बैठक, मिति २०८१/०९/२१ गते बिहान ०८:०० बजे)

**अनुसूची- १**

| आ.व.२०८१/०८२ मा बहुवर्षीय रुपमा संचालन गर्ने योजनाहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **आयोजनाको नाम** | **योजनाको नाम** | **वडा नं.** | **स्रोत** | **लागत अनुमान रकम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | महानगर भित्रका विद्यालयहरुको भौतिक सुविधा विस्तार कार्यक्रम | | | योजना पुस्तिका पेज नं.३३ सि.नं.१ | ३९,०१२,०००.०० | ३,५१७,०००.०० | |
| २ | स्वास्थ्य संस्थाहरुको भवन निर्माण तथा सुधार | ५,१२,२९ | | योजना पुस्तिका पेज नं. ४१ सि.नं.२ | २६,०००,०००.०० | १०,२५०,०००.०० | |
| ३ | वडा कार्यालय तथा स्वास्थ्य संस्था निर्माण तथा सुधार | ६,९,१९ | | योजना पुस्तिका पेज नं. २७ सि.नं.७६ | १०४,८११,०८८.५३ | १३,०००,०००.०० | |
| ४ | सडक कालोपत्रे प्याकेज १ | मनमाया चोक दलितबस्ति काम्ले सडक कालोपत्रे, शिवालय मन्दिर देखि हरि प्रसाद लामिछानेको बाँसघारी सम्म सडक कालोपत्रे र पिपल बोट सन्नुको घर देखि टाइगर चोक जाने कृषि सडक कालोपत्रे | २१,२२,२७ | योजना पुस्तिका पेज नं. ३७ सि.नं.३ र पेज नं. ३७ सि.नं. ४,५ | ४३,६३५,९२५.३९ | १०,५००,०००.०० | |
| ५ | सडक कालोपत्रे प्याकेज २ | त्रिचोक टोल ह्यांसी चोक हुदै भोला उप्रेतीको घरसम्म कालोपत्रे, इन्द्रविलास मार्ग निर्माण कार्य,डेरिचोक देखि बुद्धिराम चोक सम्म सडक कालोपत्रे,चन्द्रमा चोकदेखि बागबजार तिन लाइन हुदै देवेन्द्र घिमिरेको घरसम्म सडक कालोपत्रे र हिमाली टोल उमाकान्त ढकालको घोल देखि केउरेली घोकसम्मको अधुरो सडक कालोपत्रे निर्माण कार्य | ६,१७,१८,१९,२० | योजना पुस्तिका पेज नं. २१ सि.नं.३४ ,पेज नं. २५ सि.नं. ३९,योजना पुस्तिका पेज नं. २० सि.नं.१८,योजना पुस्तिका पेज नं. २२सि.नं.३८ र पेज नं. २६ सि.नं. ४५ | ४३,२९२,७८१.२८ | १३,०००,०००.०० | |
| **जम्मा रकम** | | | | | **२५६,७५१,७९५.२०** | **५०,२६७,०००.००** | |